# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) धनगढी, नेपाल, भाद्र ७ गते, २०७९ साल ( अतिरिक्ताङ्क ८


## भाग १

## सुदूरपश्चिम प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानुन मन्त्रालय

नेपालको संविधानको धारा १७६ बमोजिमको सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारी लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको ऐन नं. ७

<u>प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन</u>



**प्रस्तावना:** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा २ मा संशोधन:** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) "पदाधिकारी" भन्नाले प्रदेश सभाका सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्ता पक्ष संसदीय दलका नेता, सत्ता पक्ष संसदीय दलका प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक, विपक्षी दलको सचेतक र समितिका सभापति सम्झनु पर्छ ।"

(२) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-

"(छ१) "सत्ता पक्ष संसदीय दलका नेता" भन्नाले सत्ता पक्षको तर्फबाट प्रदेश सभामा मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल बाहेकको संसदीय दलका नेता भएका सदस्य सम्झनु पर्छ।"

(३) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

"(ज) "सत्ता पक्ष संसदीय दलका प्रमुख सचेतक" भन्नाले प्रदेशको मन्त्रिपरिषद् गठन गर्ने संसदीय दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ र सो शब्दले एकभन्दा बढी दलले मन्त्रिपरिषद् गठन गरेमा वा समर्थन गर्ने भएमा सम्बन्धित दलको नेताले दलको प्रमुख सचेतक भई काम गर्न तोकेका सदस्यलाई समेत जनाउछ।"

(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

"(ञ) "सदस्य" भन्नाले प्रदेश सभा सदस्य सम्झनु पर्छ ।"

३. <u>मूल ऐनको दफा ६ मा संशोधन</u> : मूल ऐनको दफा ६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) प्रदेश सभाका सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्ता पक्ष संसदीय दलका नेता, सत्ता पक्ष संसदीय दलका प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक र सभापतिलाई चालक सहित अनुसूची-१ बमोजिम सवारी साधन, इन्धन र मोबील उपलब्ध गराइनेछ ।"

४. <u>मूल ऐनको दफा १३ मा संशोधन</u> : मूल ऐनको दफा १३ को,-

(१) उपदफा (२) मा रहेका "नेपालभित्रका अन्य अस्पतालमा लागेको खर्च भने मन्त्रिपरिषद्को निर्णय बमोजिम हुनेछ।" भन्ने शब्दहरु झिकिएका छन् ।



खण्ड ६) अतिरिक्ताङ्क ८, प्रदेश राजपत्र भाग १ मिति २०७९।०५।०७

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) नेपाल भित्रका सरकारी वा सामुदायिक बाहेकका अन्य अस्पतालमा लागेको उपचार खर्च प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णय बमोजिम हुनेछ ।"

५. <u>मूल ऐनमा दफा १८क. थपः</u> मूल ऐनको दफा १८ पछि देहायको दफा १८क. थपिएको छ,-

"१८क. <u>यसै ऐन बमोजिम भएको मानिनेः</u> यो ऐन प्रारम्भ हुनुभन्दा अघि पदाधिकारीले कुनै सुविधा खाइपाई आएको भए यसै ऐन बमोजिम भएको मानिने छ।"

**प्रमाणीकरण मितिः-२०७९।०५।०७**

**आज्ञाले,**
**कमलराज ढकाल**
**प्रदेश सरकारका सचिव**



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली । मुल्यः रु ५। -